# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० | अंक २१२ | काठमाडौं | शनिबार, १६ मंसिर २०८० | Prabhab National Daily | Saturday, December 2, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


भुटानी शरणार्थी प्रकरण

## रायमाझीसहित आठ थुनामै, खाणबारे राय बाझियो





- टोपबहादुर रायमाझी, डा. इन्द्रजित राई, सानु भण्डारी, आङटावा शेर्पा, सन्देश शर्मा, गोविन्द चौधरी, केशवप्रसाद दुलाल र सागर राई थुनामै रहने
- शमशेर मियाँसँग १० लाख, टेकनाथ रिजाल, हरिभक्त महर्जन र रामशरण केसीसँग समान १५ लाखका दरले धरौटी माग
- टंककुमार गुरूङ, केशव तुलाधर, लक्ष्मी महर्जन र आशिष बुढाथोकी साधारण तारेखमा छाड्न आदेश

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बहुचर्चित नक्कली भुटानी शरणार्थी प्रकरणमा उच्च अदालत पाटनले काठमाडौं जिल्ला अदालतको आदेश आंशिक सदर गरेको छ । धेरै अभियुक्तको हकमा जारी आदेश भने बदर गरिदिएको छ ।

न्यायाधीशहरू जनक पाण्डे र प्रकाश खरेलको संयुक्त इजलासले एमाले नेतासमेत रहेका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीसहित आठ जना अभियुक्तलाई पुर्पक्षका लागि थुनामै राख्न आदेश दिएको छ ।


उच्च अदालतको यस्तो आदेशसँगै पूर्वगृहमन्त्री रामबहादुर थापाका तत्कालीन सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, सानु भण्डारी, आङटावा शेर्पा, सन्देश शर्मा, गोविन्द चौधरी, केशवप्रसाद दुलाल र सागर राई थुनामै रहनेछन् ।

कांग्रेस नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाणको हकमा भने न्यायाधीशद्वयको राय बाझिएको छ । न्यायाधीश पाण्डेले खाणलाई ३० लाख रूपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएका छन् । तर, उनको आदेशमा अर्का न्यायाधीश प्रकाश खरेलले सहमति जनाएनन् । उनले खाणलाई पनि थुनामै राख्नु पर्ने राय दिएका छन् ।

आदेशमा भनिएको छ , 'प्रतिवादी बालकृष्ण खाणको हकमा आदेश, राय मतैक्यता हुन नसकेकाले प्रस्तुत फरक राय सहितको निवेदन बालकृष्ण खाण विपक्षी नेपाल सरकार भएको प्रतिवेदन उच्च अदालत नियमावली, २०७३ को नियम १२ बमोजिम तेस्रो न्यायाधीश समक्ष पेस गर्नु ।' खाणको विवाद अब तेस्रो न्यायाधीशबाट सुनुवाइ हुनेछ ।

खाणको सहयोगी नरेन्द्र केसीसँग १० लाख धरौटी लिएर थुनामुक्त गर्न सकिने आदेश भएको छ । पूर्वउपप्रधानमन्त्री रायमाझीका छोरा सन्दीप रायमाझीसँग ३० लाख धरौटी माग भएको छ । गृह मन्त्रालयअन्तर्गतको हज समिति अध्यक्ष शमशेर मियाँसँग १० लाख रूपैयाँ धरौटी मागिएको छ । उनले सरकारका सहसचिवस्तरको सेवा सुविधा पाउने गरी उक्त पदमा राजनीतिक नियुक्ति पाएका थिए । (**बाँकी पष्ठ २ मा**)

## सभापति बन्ने शेखरको हुटहुटी



- संस्थापनमा देउवाको उत्तराधिकारी कोही नभएकोले पनि संस्थापनइतरले शेखरलाई 'वेटिङ सभापति'का रूपमा हेर्छन्
- तर महामन्त्री गगन थापा र पूर्व महामन्त्री डा शशांक कोइरालाको दौड पनि सभापतिकै लागि हुने देखिन्छ
- १४ औं महाधिवेशनमा शेखर टिममै रहेका गगन पछिल्लोपटक संस्थापन पक्षसँग निकट देखिन्छन्

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका नेता डा शेखर कोइराला अबको महाधिवेशनबाट जसरी पनि सभापति बन्ने दाउमा छन् । शुक्रबार पश्चिम नवलपरासी पुगेर कोइरालाले आफू आकंक्षी भएको जनाउ दिए । पार्टीको जिल्ला सम्मेलनमा उनले नेतृत्व परिवर्तन नगरेसम्म कांग्रेसप्रति आकर्षण नबढ्ने भन्दै घुमाउरो भाषामा नेतृत्वको आकंक्षा जनाएका हुन् ।

'कार्यकर्तामा पार्टीको नेतृत्वप्रति वितृष्णा छ । यो नेतृत्व परिवर्तन नगर्दासम्म जनतामा कांग्रेसप्रतिको आकर्षण बढ्न सक्दैन,' कोइरालाले भने, 'आफूमात्र नेता बन्ने होइन । जनचाहना अनुसार नेतृत्व परिवर्तन हो । अब शीर्ष नेताले सोच्ने समय आएको छ ।'

२०७८ मंसिरमा सम्पन्न १४ औं महाधिवेशनमा कोइराला सभापतिका प्रत्यासी थिए । तर शेरबहादुर देउवा दोस्रोपटकका लागि सभापतिमा निर्वाचित भए । अहिले संस्थापनमा देउवाको उत्तराधिकारी कोही नभएकोले पनि संस्थापनइतरले शेखरलाई 'वेटिङ सभापति'का रूपमा हेर्छन् । सोही मञ्चबाट नेता डा चन्द्र भण्डारीले पनि शेखरलाई कांग्रेसजनले अबको सभापतिका रूपमा हेर्न चाहेको तर्क गरे । शेखर पक्षका नेता भण्डारीले आगामी महाधिवेशनबाट डा.शेखर सभापति बनेको हेर्ने चाहना रहेको बताए । यद्यपि उफ्रँदैमा सभापति पद नपाइने भण्डारीको भनाई थियो । 'सभापति बन्छु भनेर उफ्रेर हुँदैन । जनता र कार्यकर्ताले पत्याएको व्यक्ति हुनुपर्छ', भण्डारीले भने ।

कानुनमन्त्रीसमेत रहेका कांग्रेस उपसभापति धनराज गुरुङ पनि पार्टीको १५औं महाधिवेशनमा शेखरलाई जसरी पनि सभापति बनाउने दाबी गर्छन् । पार्टीको सार्वजनिक कार्यक्रमहरूमा गुरुङ भन्छन्, 'अहिले नै पार्टी सभापति बदल्नुपर्छ भन्ने चाहन्न । तर १५औं महाधिवेशनमा पार्टी सभापति बदल्ने हो ।'

गत महाधिवेशनमा शेखर र गगन थापा एकै समूहमा थिए । शेखर समूहबाट प्रत्यासी बनेका गगन अत्याधिक मतका साथ पहिलो नम्बरमा महामन्त्रीमा निर्वाचित भए । यद्यपि अहिले गगन यो समूहमा छैनन् । गगन आफै पनि सभापति बन्ने होडमा देखिन्छन् । यस्तो अवस्थामा शेखरलाई सभापतिमा गगनले नै रोक्ने कांग्रेस नेताहरू बताउँछन् ।

शुक्रबारकै जिल्ला सम्मेलनमा भने डा शेखरलाई संस्थापन पक्षले अप्ठेरोमा पार्ने प्रयास गरेका थिए । उक्त क्षेत्रका नेता देवेन्द्रराज कँडेल पक्षधरले कार्यक्रम बहिस्कार गरेपछि उनी अप्ठेरोमा परेका हुन् । संस्थापनइतरले एकलौटी रूपमा सम्मेलन आयोजना गरेको आरोप लगाउँदै संस्थापन पक्षका अधिकांश नेता कार्यकर्ताहरूले बहिष्कार गरेपछि नेता कोइरालाले उनीहरूसँग छलफलसमेत गरे ।

पार्टी विधान अनुसार तल्लो तहबाट सम्मेलन गर्दै जिल्ला सम्मेलन गर्नुपर्ने भएपनि नवलपरासीमा जिल्ला सभापतिले एकपक्षीय रूपमा जिल्ला सम्मेलनको आह्वान गरेपछि अधिकांश नेता कार्यकर्ताहरू रुष्ट बनेका छन् ।

गत सोमबारमात्र नेपाली कांग्रेसका सभापति देउवाले भने सांकेतिक रूपमा सभापतिको लाइनमा डा शशांक कोइरालालाई अघि सारेका छन् । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको दलदलेमा नेपाली कांग्रेस नवलपुरको प्रथम जिल्ला सम्मेलनलाई सम्बोधन देउवाले शशांकको मागबारे बोलेका थिए ।

देउवाले आफ्नो सम्बोधनमा कुनै पनि अवस्थामा राजतन्त्र नफर्कने ठोकुवा गर्दै धर्मनिरपेक्षताबारे छलफल गर्न सकिने बताएका थिए । 'पूर्वराजा फर्कने कुरा छैन, संविधानसभाले राजा हटाउने निर्णय गरिसकेको छ, कसैले भन्दैमा राजतन्त्र आउनेवाला छैन,' देउवाले भने, 'अरु विषयमा सोच्नुपर्ने भएको छ । धर्मनिरपेक्ष भनेका छन् । कोही के भनिरहेका छन् । यसबारेमा सल्लाह गर्न सकिन्छ ।' पूर्वमहामन्त्री डा. शशांक कोइरालाकै क्षेत्रमा पुगेर देउवाले उक्त भनाइ राखेका हुन् ।

(**बाँकी पष्ठ २ मा**)

**सन्दर्भः वैदेशिक रोजगार**

## सीपयुक्त जनशक्ति उत्पादन गर्न व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

**काठमाडौं–** सरकारले आन्तरिक तथा बाह्य श्रम बजारको माग र आवश्यकताअनुसार सीपयुक्त प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने उद्देश्यले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति स्थापना गर्ने निर्णय गरेको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीको अध्यक्षतामा १२ सदस्यीय सञ्चालक समिति रहने गरी मन्त्रालयले विकास समिति स्थापना गर्ने निर्णय गरेको हो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग र आवश्यकताअनुरूप दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न समिति गठन गरिएको मन्त्रालयले जनाएको छ । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेशसम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित भइसकेको छ ।

सूचना प्रकाशित भएसँगै श्रम मन्त्रालयअन्तर्गत भैंसेपाटी, इटहरी र बुटलवमा रहेका व्यावसायिक तथा सीप विकास प्रतिष्ठान विकास समितिमा परिणत भएका छन् । समितिमा अर्थ, शिक्षा, विज्ञान तथा प्रविधि र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा वैदेशिक रोजगार बोर्ड, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका प्रतिनिधिको सहभागिता रहनेछ ।

श्रममन्त्री शरत्सिंह भण्डारी विकास समितिले बजारको मागअनुसार सीपयुक्त जनशक्ति उत्पादन गरी श्रम बजारको आवश्यकता परिपूर्ति गर्ने बताउछन् । 'राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा सीपयुक्त जनशक्तिको ठूलो माग छ । सीपयुक्त जनशक्ति उत्पादन नहुँदा नेपाली श्रमिकले उचित ज्याला र सुरक्षा पाउन सकेका छैनन्', भण्डारीले भने 'अन्तर्राष्ट्रियस्तरको तालिम दिने गरी प्रतिष्ठानले काम गर्नेछ ।'

प्रतिष्ठानले स्वदेश वा विदेशमा रोजगारीका लागि उपयोगी विभिन्न विषयका अन्तर्राष्ट्रियस्तरका पाठ्यक्रमअनुसार छ महिने प्रशिक्षण सञ्चालन गर्नेछ । उक्त प्रशिक्षण कम्तीमा सात सय ३० कार्य घण्टाको हुने श्रम मन्त्रालयले जनाएको छ ।

प्रतिष्ठानले दक्ष प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्न आवश्यक पर्ने प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी नीति तर्जुमा, श्रम बजारको मागअनुरूप दशजनशक्ति उत्पादन गर्न आवश्यक प्रशिक्षणको विषय पहिचान तथा छनोट गर्नेछ । *रासस*

## बालिकालाई भारतमा बिक्री गरेको आरोपमा पक्राउ

**काठमाडौं–** पश्चिम नेपालका सुर्खेत, दैलेखलगायतका पहाडी जिल्लाबाट महिला तथा बालिकालाई भारत लगी बिक्री गरेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ ।

आकर्षक रोजगारीको प्रलोभन देखाई नयाँ दिल्लीस्थित यौन गतिविधि हुने केन्द्रमा लगी बेचविखन गरेको भन्ने जाहेरी दरखास्तका आधारमा प्रहरीको मानव बेचविखन अनुसन्धान ब्यूरोको टोलीले बाँकेको बैजनाथ गाउँपालिका–८ घर भएकी ३९ वर्षीया मुना ठकुरी भन्ने मुनाकुमारी मल्ललाई पक्राउ गरेको हो ।

उनलाई काठमाडौं जिल्ला अदालतमा पेश गरिएकोमा अदालतको आदेशले म्याद थप गरी अनुसन्धान थालिएको ब्यूरोले शुक्रबार सार्वजनिक गरेको छ । अनुसन्धानका क्रममा उनले भारतमा घरको सरसफाइमा राम्रो कमाइ हुने प्रलोभन देखाई महिलालाई नेपालबाट लैजाने गरेको र यसरी लैजाँदा ग्रामीण इलाकाका आर्थिक अवस्था कमजोर भएका, कम पढेलेखेका, एकल महिलालाई लक्षित गर्ने गरेको पाइएको ब्यूरोका प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयाँलले बताए ।

ती महिलाले भारतको नयाँ दिल्लीमा सञ्चालित यौन गतिविधि हुने केन्द्रमा एक नाबालिकासहित दुई युवतीलाई बेचविखन गरेको खुल्न आएको फुयाँलले बताए । उनीहरूलाई भने यसअघि नै प्रहरीले उद्धार गरेर नेपाल ल्याइसकेको छ । मल्लकै संलग्नतामा पीडितलाई भारतको दिल्लीबाट अन्यत्र स्थानमा यौन गतिविधिका लागि पठाउने गरेको पाइएको पनि प्रहरीले जनाएको छ ।

पीडित भागेर हिँड्दासमेत पुनःपिछा गरी समातेर सोही गतिविधिमा लगाउने गरेको पनि अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ । *रासस*


जनहितमा जारी सन्देश



# तेस्रो अन्तर्राष्ट्रिय जलरङ महोत्सव हुँदै

**काठमाडौं–** पाँचदिने तेस्रो अन्तर्राष्ट्रिय जलरङ महोत्सव आजबाट शुरु हुँदैछ । कुल ३९ देशका तीन सय ४० कलाकृति प्रदर्शनी गरिने उक्त कला महोत्सवमा विदेशी ३० सहित झण्डै दुई सय कलाकारको प्रत्यक्ष सहभागिता रहने कार्यक्रम संयोजक एनबी गुरुङले जानकारी दिए । नेपाल कला परिषद्मा महोत्सव उद्घाटन हुनेछ ।

कला महोत्सवमा सहभागी हुन बेलायत, म्यान्मा, थाइल्याण्ड, बंगलादेश, भारत, अष्ट्रियालगायत देशका ३० जना कलाकार नेपाल आइसकेका छन् । सहभागी गराइएको तीन सय ४० कलासिर्जनामध्ये नेपालका एक सय १५ जना कलाकारका सिर्जना सहभागी गराइएको छ ।

अन्तर्राष्ट्रिय जलरङ समाज (आइडब्लुएस) नेपालको आयोजनामा हुन लागेको मकला महोत्सव यही मंसिर १६ गतेदेखि २० गतेसम्म चल्नेछ । उद्घटनपछि परिषद्मा विदेशी कलाकारको सहभागितामा कला डेमोस्ट्रेसन हुने र त्यसबाट सिकाइ आदानप्रदान हुने समाजका अध्यक्ष एवं महोत्सव संयोजक गुरुङले बताए ।

झण्डै १३ देखि १४ लाख खर्च हुने अनुमान गरिएको जलरङ महोत्सवअन्तर्गत काठमाडौं, ललितपुर र भक्तपुरका सम्पदा क्षेत्रमा गएर कला कार्यशालासमेत हुने तथा कलाकारलाई नगरकोट लगेर सूर्योदय र सूर्यस्तको दृष्यावलोकन गराई कला सिर्जना गराइने संयोजक गुरुङले बताए ।

यसखालको कार्यक्रममा नेपाली कलाकारले विदेशको र विदेशका कलाकारले नेपालको कला सिर्जनासम्बन्धी प्रविधि तथा ज्ञान चिन्न र जान्न सकिने समाजका सदस्य डिबी राईले बताए । यसपाली कलाकारलाई सम्मान तथा पुरस्कारकोसमेत व्यवस्था गरिएको छ ।

धेरै कलाकारले काठमाडौंको सम्पदा क्षेत्रका चित्र जलरङबाट सिर्जना गर्ने भएकाले नेपालको पहिचान विश्वसामु पुऱ्याउन पस्किन पाइने र पर्यटन प्रवर्द्धनमा पनि ठूलो सहयोग पुग्ने विश्वास गरिएको समाजका वरिष्ठ उपाध्यक्ष दिराम पापलालीले बताए । यसअघि समाजले महोत्सवकैरूपमा लुम्बिनी, पोखरा, काठमाडौंलगायत विभन्नि क्षेत्रमा यसैगरी कला महोत्सव गरिसकेको छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### सभापति बन्ने...

सम्मेलनमा कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइराला पनि पुग्ने प्रचार थियो । तर उनी भने पुगेनन् । उक्त सम्मेलनमा डा. शशांक, महामन्त्री गगन थापा पनि देउवाको साथमा पुगेका थिए ।

धर्मनिरपेक्ष हुनै सक्दैन भनेर कांग्रेस मुद्दा उठाउँदै आएका नेता हुन् डा. शशांक । उनले पटक-पटक यस विषयमा आफ्नो मत प्रकट गर्दै आएका छन् । 'धर्म निरपेक्ष हुँदैन । न धर्म सापेक्ष हुन्छ । धर्म त स्वतन्त्र हुन्छ,' शशांक भन्छन् । यसै विषयमा शशांकलाई देउवाले लाइन दिएको हुन सक्ने कतिपयको दाबी पनि छ । शशांक जनमतमार्फत धर्मनिरपेक्ष हटाएर हिन्दू राष्ट्र बनाउने मुद्दाका साथ अघि बढेका नेता हुन् ।

कांग्रेसमा अबको सभापति को बन्ला ? संस्थापनइतरमा शेखर र गगनबीचको टसल बढ्दा यो गुट खसै बलियो नहुने बताउँदै आएको छ । यसै सन्दर्भमा देउवाले शशांककै मुद्दामा बोल्नुलाई कांग्रेस वृत्तमा महत्त्वका साथ हेरिएको छ ।

कतिपय कांग्रेसीहरूको दाबी छ- देउवाको अबको उत्तराधिकारी शशांक नै हुन् । हुन पनि शशांकले १४ औं महाधिवेशनमा देउवाको दोस्रो इनिङ्सका लागि मार्ग प्रशस्त गरेका थिए । १३औं महाधिवेशनमा महामन्त्रीमा निर्वाचित शशांक त्यतिबेला देउवाको 'एस म्यान' मात्र बनेको आरोप लाग्ने गर्छ । शशांकसँग देउवाको लगाव र धर्मनिरपेक्षको विषयमा शशांकको लाइन लिँदा देउवा गुटकै नेताहरू भने झस्केको बताइएको छ । शेखरलाई पनि शशांकले बेलाबेला सार्वजनिक मञ्चबाटै परिवार मिलाउन नसक्नेले पार्टीको नेतृत्व सम्हाल्न नसक्ने भन्दै व्यङ्ग्य गर्न भ्याउँछन् । पछिल्लोपटक सानेपामा आयोजित बीपी साहित्य सम्मेलनमा शशांकले शेखरलाई लक्षित गर्दै भनेका थिए - मैलेमात्र सँगै छौं भनेर भएन । एउटा परिवारको सदस्य मिलाउन नसक्नेले पार्टी कसरी मिलाउने ? मेरो त प्रयास रहन्छ ।

### रायमाझीसहित आठ...

भुटानी शरणार्थी नेता टेकनाथ रिजाल १५ लाख धरौटीमा रिहा हुने भएका छन् । हरिभक्त महर्जन र रामशरण केसीसँग पनि समान १५ लाख रूपैयाँ धरौटी माग भएको छ ।

तर, अदालतको आदेशअनुसार अभियुक्तहरू टंककुमार गुरुङ, केशव तुलाधर, लक्ष्मी महर्जन र आशिष बुढाथोकी भने साधारण तारेखमा छुट्ने भएका छन् ।

यसअघि उनीहरूलाई जिल्ला अदालत काठमाडौंले धरौटी माग गरेको थियो । पुर्पक्षका लागि थुनामा पठाउन पनि आदेश गरेको थियो । जिल्लाको यही आदेशप्रति चित्त नबुझाएर अभियुक्तहरू उच्च अदालत पुगेका थिए । उनीहरूले दायर गरेको रिट निवेदनलाई एकसाथ राखी उच्च अदालतमा मंसिर ५ गतेदेखि निरन्तर सुनुवाइ भएको थियो ।

ठगी, कीर्ते, संगठित अपराध र राज्यविरुद्धको कसुरमा जिल्ला प्रहरी परिसर काठमाडौंले ३० जनालाई प्रतिवादी बनाएर मुद्दा चलाउन सरकारी वकिल कार्यालय काठमाडौंलाई राय दिएको थियो । सोहीअनुसार कार्यालयले जिल्ला अदालतमा आरोपपत्रसहित मुद्दा दायर गरेको हो । यस मुद्दाका १० जना आरोपी भने अझै फरार छन् ।

## सच्याइएको सूचना

मिति २०८०/०८/१४ गते प्रकाशित मधुवन नगरपालिका-५ रामनगर बर्दियाको **काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**मा प्रथम पटक प्रकाशित मिति २०८०/०८/१४ गते हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०६६/१०/२० मा दर्ता भएको (प्रा.लि. नं. ७०२२९) को **सप्तकोशी प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको लागि यो सूचना सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

## दरमखोला हाइड्रो इनर्जी लिमिटेड

कम्पनीको रजिष्ट्र्ड कार्यालय, बागलुङ्ग जिल्ला गलकोट ११, मनेवा

### बिशेष साधारण सभा बस्ने सूचना

प्रथम पटक प्रकासित मिति :२०८०/०८/१६ गते

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस दरमखोला हाइड्रो इनर्जी लिमिटेडको विशेष साधारण सभा निम्न मिति, समय, स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति,समय र स्थान :**

मिती: २०८०/०९/०२ गते, सोमबार

समय: बिहान ठिक १०:०० बजे

स्थान: कम्पनीको रजिष्ट्र्ड कार्यालय, बागलुङ्ग जिल्ला गलकोट ११, मनेवा ।

**बिशेष साधारण सभामा छलफलका लागि पेश हुने एजेण्डा/प्रस्तावहरु:-**

१) कम्पनीको नियमावलीको नियम २७ को (२) को (क) र (ख) लाई संशोधन गर्ने सम्वन्धमा ।

२) विविध ।

कम्पनी सचिव
दरमखोला हाइड्रो इनर्जी लिमिटेड

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IDEAL DEALING INSTITUTION FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०८०/०८/१३ LT. No. 295716 चलानी नं. ६०२१०७४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 36 | 0 | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर २३ गते (9th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMIX COMPANY READY MIX

पूर्व स्वीकृति मिति : २०८०/०८/१४ LT. No. 295760 चलानी नं. ६०२१०८१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर २३ गते (9th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

---

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DUSSMANN GULF LLC.

पूर्व स्वीकृति मिति २०७९/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१४ LT No.266629 चलानी नं.६०१८२५७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 800 | २७,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 25 | 800 | २७,५५० | | | | | | | |
| 3 | Housekeeping | 25 | 0 | 1500 | ५१,६५५ | | | | | | | |
| 4 | Housekeeping | 0 | 25 | 1500 | ५१,६५५ | | | | | | | |
| 5 | HVAC Technician/ Multi Technician | 35 | 0 | 1800 | ६१,९८५ | | | | | | | |
| 6 | Electrician | 10 | 0 | 1200 | ४१,३२५ | | | | | | | |
| 7 | Plumbers | 5 | 0 | 1200 | ४१,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर २२ गते (8th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 266629 मिति: २०८०/०८/१५ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Target Consultant Human Resources Pvt. Ltd.**

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

---

## रोजगारको अवसर

1.CLARK TRADING & CONTRACTING CO. W.L.L. पुन: विज्ञापन
QATAR पूर्व स्विकृति मिति: 2080.05.19 चलानी नं. ६०२०७२७७ LT No. 292087

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव N. Rs. | ओभर टाईम सूविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales and Marketing Directors | 1 | काममा दक्ष | 2300 | 84009 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Supervisior | 3 | | 3000 | 109577 | | | | | | | |
| 3 | Labour | 24 | | 1000 | 36526 | | | | | | | |
| 4 | Salesman | 4 | | 1400 | 51136 | | | | | | | |
| 5 | Marketing | 4 | | 2200 | 80357 | | | | | | | |
| 6 | Store Keeper | 8 | | 1900 | 69399 | | | | | | | |
| 7 | Building Worker | 45 | | 1100 | 40178 | | | | | | | |
| 8 | Plaster Worker | 25 | | 1100 | 40178 | | | | | | | |
| 9 | Mason | 23 | | 1100 | 40178 | | | | | | | |
| 10 | Assistant Mason | 14 | | 1100 | 40178 | | | | | | | |
| 11 | Plumber | 4 | | 1100 | 40178 | | | | | | | |
| 12 | Fireman | 7 | | 1500 | 54789 | | | | | | | |
| 13 | Brick Machine Operator | 4 | | 1900 | 69399 | | | | | | | |
| 14 | Carpenter | 4 | | 1100 | 40178 | | | | | | | |
| 15 | Brick Mason | 16 | | 1100 | 40178 | | | | | | | |
| 16 | Foreman | 4 | | 2500 | 91315 | | | | | | | |
| 17 | Representative | 2 | | 2500 | 91315 | | | | | | | |

2. RESTORAN AL- BADIYAH (M) SDN. BHD., MALAYSIA पुन: विज्ञापन
पुर्व स्विकृति मिति: 2079.04.08 चलानी नं. ६०१८३७८७ LT No. 267859

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 02 | 1500 | 42859 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्याम्पिङ शुल्क कसले व्योहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौमा: २०८० मंसिर २३ गते (9 December 2023) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुक रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

---

## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति: २०८०/०८/१६)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

धितो लिलाम बिक्री हुने मिति : २०८० साल पौष महिना २१ गते दिनको ०१ बजे

सम्बन्धित कार्यालय : शाखा रबि, पाचंथर लिलाम हुने स्थान : शाखा फिदिम, पाचंथर

**ग्राहकको विवरण**

फर्मको वा कम्पनिको नाम : अधिकारी स्टोर्स प्रोप्राईटरको नाम: खेमचन्द्र खत्री ठेगाना: मौवा -०७, पाचंथर

ना.प्र.नं.: ६३७५ मिति: २०५२।०६।२७ जिल्ला: पाचंथर, दर्ता भएको कार्यालय: वाणिज्य विभाग

दर्ता नं.: २५५।०७०।७१ दर्ता मिति: २०७०।१२।१८ पान नं.: ३०५३२१२६६

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार /१४८५२७२ | खेमचन्द्र खत्री | पाचंथर | मौवा | १ख | ४९३ | ०।१।०।० |
| | | | | १क | ५९० | ०।१२।०।० |
| | | | | ६ग | ८० | ६।०।०।० |
| | | | | १क | ५९३ | २।१०।०।० |
| | | | | १ख | १९६ | ०।१।३।२ |
| | | | | १क | ५९६ | २।८।०।१ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति | ससुरा |
|---|---|---|---|---|---|
| राधिका भण्डारी खत्री | मौवा -०७ | १६१५२।४५४ | पाचंथर, २०५६।०५।२९, जि.प्र.का.कार्यालय, पाचंथर | खेमचन्द्र खत्री | सुवास बहादुर |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।

२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।

३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ ।

४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वत: जफत हुनेछ ।

५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।

६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।

७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।

८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ ।

९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।

१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असूली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं ।**

# तार भूमिगतमा सडक विभागलाई दोष

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरण र सडक विभागबीच समन्वय हुन नसक्दा काठमाडौं उपत्यकाभित्र विद्युतीय तार भूमिगत गर्ने काम बेबारिसे बनेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सडक विभागले सडक खन्न अनुमति नदिँदा काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणाली (तार)लाई भूमिगत बनाउने काम बेवारिसे बनेको आरोप लगाए । घिसिङले सरकारी निकायबीच समन्वय अभावमा ठूलो र महत्वपूर्ण आयोजना बेवारिस अवस्थामा पुग्नु दुर्भाग्यपूर्ण भएको उल्लेख गरे ।

सडक विभागले आफ्नो अधिनमा रहेको सडक खन्न अनुमति नदिएपछि विद्युत् वितरण प्रणाली भूमिगत बनाउने आयोजनाको काम गत असारदेखि ठप्प छ । ललितपुर महानगरपालिका र प्राधिकरणको साझेदारीमा जडान गरिएका स्मार्ट सडक बत्ती उद्घाटन गर्न बिहीबार ललितपुरमा गरिएको कार्यक्रममा कार्यकारी निर्देशक घिसिङले तार भूमिगत गर्ने कार्यमा संलग्न निर्माण व्यवसायी निर्माणस्थल छोडी हिँडिसकेको बताए ।

यस्तो अवस्थामा आयोजना कार्यान्वयन भइरहेका पालिकाका जनप्रतिनिधिले सडक विभागसँग समन्वय गरिदिए अझै पनि केही समय रहेको उल्लेख गर्दै घिसिङले सबैले जिम्मेवारी पूर्व काम गर्नुपर्नेमा जोड दिए । उनले सडकको पेटीमा काम गर्न पालिकाले अनुमति दिए पनि सडक विभागले काम गर्न नदिइरहेको बताए ।

'जमिनमाथि (ओभरहेड)भन्दा तारलाई भूमिगत गर्दा १० गुणा महँगो पर्छ । तार भूमिगत गर्न सडक खन्नासाथ भित्र के-के भेटिन्छ ज्यादै गाह्रो छ । समन्वय गरेर केही समयका लागि अप्ठ्यारो भए पनि गरौँभन्दा सडकबाट अनुमति पाउँदैनौँ, बर्खाभरि उहाँहरूले अनुमति दिनुभएन तर बर्खा सकिएपछि पनि अहिलेसम्म अनुमति दिनु भएको छैन', उनले भने ।

प्राधिकरणले काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई भूमिगत, सुदृढीकरण र स्वचालित बनाउन पहिलो चरणमा काठमाडौंको रत्नपार्क र महाराजगञ्ज वितरण केन्द्रअन्तर्गतका क्षेत्रमा काम सुरु गरेको थियो । दोस्रो चरणमा काठमाडौं जिल्लाको बाँकी स्थान, तेस्रो चरणमा ललितपुर तथा भक्तपुरको सहरी क्षेत्र र चौथो चरणमा पोखरा तथा भरतपुर महानगरपालिकाअन्तर्गतका क्षेत्रको वितरण प्रणालीलाई भूमिगत, सुदृढीकरण र स्वचालित गर्ने काम सुरु गरिएको थियो ।

यसअन्तर्गत ३३ तथा ११ हजार भोल्टेज र चार सय भोल्टेजको भूमिगत लाइन निर्माण गर्नुकासाथै अप्टिकल फाइबर पनि बिछ्याइने छ । यसबाट विद्युत्, टेलिफोन, इन्टरनेट सेवा प्रदायकको गुजुल्टिएको तारले कुरूप बनेको सहरको कुरूपताको अन्त्य भई सौन्दर्यता थपिनेछ ।

कार्यकारी निर्देशक घिसिङले विकास हुन्छ भने आमसर्वसाधारणले यसलाई सहजरूपमा लिई केही समय अप्ठ्यारो बेहोर्नुपर्ने बताए । 'अलिकति अप्ठ्यारो पऱ्यो भयो भने वडाले गाली गर्ने, नगरपालिकाले गाली गर्ने, कुनै ठाउँमा सडकले काम नै गर्न नदिने, सहमति नलिइ काम गरेमा हाम्रा कर्मचारीलाई थुनिदिन्छन्', उनले भने, 'धेरै पहल गर्दा पनि सडकबाट सहमति नपाएपछि सडकमा आफैँ उभिएर काम गराउँछुभन्दा ठेकेदार सहमतिविना त हामी कार्म गर्न सक्दैनौँ भन्ने अडान लिन्छन्, मैले चाहेर पनि काम गराउनसक्ने अवस्था छैन ।' हाल भइरहेको ओभरहेड वितरण प्रणालीभन्दा भूमिगत प्रणाली सुरक्षित हुने र सहरलाई कुरूप बनाइरहेको तारको जालो हटी सौन्दर्यता कायम राख्न सकिनेछ ।

### सडकले माग्यो ५० प्रतिशत धरौटी

सडक विभागले तार भूमिगत गर्दा खनिने सडकखण्डको अनुमानित लागतको ५० प्रतिशत धरौटी राख्नुपर्ने प्रस्ताव गरेको छ । यसअघि २० प्रतिशत धरौटी राखी काम हुँदै आएकामा विभागले यसलाई बढाएर ५० प्रतिशत राख्नुपर्ने प्रस्ताव गरेको हो । प्राधिकरणले आफ्नो काम सकेर सडक त्यतिकै छाडेमा सडक मर्मतका लागि धरौटी रकमको व्यवस्था गरिएको हो । सडक मर्मत भएमा विभागले उक्त धरौटी रकम फिर्ता गर्छ ।

प्राधिकरणका आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधानले यस वर्ष गरिने सम्झौताका लागि ५० प्रतिशत धरौटी राख्नुपर्ने प्रस्ताव सडक विभागबाट प्राप्त भएको बताए । 'नेपाल सरकारबाट बजेट विनियोजन गरिएको छैन, हामीसँग पनि छैन, विगतका वर्षमा २० प्रतिशत राखिँदै आएकामा यस वर्ष ५० प्रतिशत धरौटीको राख्नुपर्ने प्रस्ताव गरिएको छ, हामी पुरानै व्यवस्थाअनुसार सम्झौता हुनुपर्छ भनिरहेका छौं', उपकार्यकारी निर्देशक प्रधानले भने । खानेपानीलगायतका निकायबाट स्वीकृति लिएपछि मात्र सडकबाट अनुमति दिने नयाँ प्रस्तावसमेत गरिएको र यस्ता शर्तले झनझन अप्ठ्यारो पारिरहेको उनको भनाइ छ । *रासस*

# देश त बर्बाद् भइसक्यो : ओली

**डडेल्धुरा (प्रस)** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गठबन्धन सरकारका कारण देश बर्बाद् भइसकेको आरोप लगाएका छन् । अझै गठबन्धन टिकिरहे देश अझै बर्बाद् हुने बताएका छन् ।

'यो गठबन्धन कथं कदाचित टिक्यो भने पनि सम्हाल्नै नसक्ने गरी देशलाई बर्बादीमा लग्नेछ । यदि ०८४ को चुनावमा पनि नेकपा एमालेले एकल बहुमत ल्याएन भने देश रहन्छ कि रहँदैन ? देश बर्बाद त भइसक्यो । अझै बर्बाद हुनेछ,' पार्टीको 'समृद्धिका लागि संकल्प यात्रा'अन्तर्गत शुक्रबार डडेल्धुरामा आयोजित सभामा अध्यक्ष ओलीले भने ।

उनले ०८४ को चुनावमा एमालेको नेतृत्वमा सरकार हुनुपर्नेसमेत बताए । वर्तमान सरकार आफैं हल्लिरहेकोले कसैले ढाल्नु नपर्नेसमेत उनको भनाइ थियो । 'यो सरकार कसैले ढाल्नु पर्दैन, सरकार हल्लिरहेको छ । चऱ्यकमऱ्याक छ । यो सरकार कुनै समय आफैं ढल्न सक्छ,' ओलीले भने, 'यो कुनै खुट्टा भएको सरकार नै होइन । यो त गठबन्धनका छेस्का टिकाएर अडेको सरकार हो । यसका कुनै सिद्धान्त छैन, नीति छैन । यो सरकार माओवादीको प्रचण्डको नीतिमा हिँड्न खोजेको छ, सकेको छैन । नेपाली कांग्रेस प्रचण्डपथको भरिया बनेर हिँडिरहेको छ ।'

मुलुकले गणतन्त्रमार्फत अगाडि बढ्ने संकल्प गरिसकेको अवस्थामा राजतन्त्र फर्कन नसक्ने ठोकुवासमेत उनले गरे ।

---

## वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बधी सूचना !

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/८/१६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १५१ को १४८०.०६ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यससम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**महांकाल सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–९, मकवानपुर**

## वन पैदावार बोलपत्रद्धारा लिलाम विक्री सम्बधी सूचना !

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/८/१६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान २३९ को १८६८.१४ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाइउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**जनप्रिय सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–६, मकवानपुर**

---

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
## राष्ट्रिय ट्रमा सेन्टर
**महांकाल काठमाडौं**

## खुल्ला बोलपत्र आव्हानको सूचना !

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१६ गते)**

चालु आ.ब. २०८०/०८१ मा यस अस्पतालको लागि आवश्यक पर्ने सामानहरू राष्ट्रियस्तरको खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरू खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोल पत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | NTrC/G/NCB/13-080/81 | Supply & Delivery of Printing Items | 3,000/– | 1,10,000/- | ३० औं दिन ३:३० बजेभित्र । खरिद इकाई, राष्ट्रिय ट्रमा सेन्टर | ३१ औं दिन १२ बजेभित्र । खरिद इकाई, राष्ट्रिय ट्रमा सेन्टर | ३१ औं दिन १ बजे । राष्ट्रिय ट्रमा सेन्टर |

१. यस अस्पतालको लागि आबश्यक पर्ने मालसामानहरू राष्ट्रियस्तरको खुल्ला बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीवाट बोलपत्र आह्वान गरिएको छ ।
२. बोलपत्र हार्डकपीको माध्यमबाट मात्र खरिद तथा दर्ता गराउनु पर्नेछ । बोलपत्रमा भाग लिने बोलपत्रदाताले अनिवार्य रूपमा निम्नानुसारका कागजातहरू पेश गर्नुपर्नेछ ।
(क) व्यवसाय सञ्चालन गर्न पाउने ईजाजत पत्र (ख) आयकर दर्ता प्रमाणपत्र (ग) मुल्य अभिवृद्धि कर प्रमाणपत्र (घ) आ.व. २०८०/०८१ को लागि नविकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र (ङ) बोलपत्र फाराम दस्तुर बापतको माथि उल्लेखित रकम फाराम दस्तुर (फिर्ता नहुने) राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको राजश्व शिर्षक नं.१४२२९ उल्लेख गरी राजश्व खाता नं.१०००१००२०००१०००० (अस्पतालको कोड नं. ३७००३५१०) मा जम्मा गरेको बैंक भौचर (च) कम्तिमा १२० दिन म्याद भएको माथि उल्लेखित रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी (विड वन्ड) वा बोलपत्र जमानत वापत नगदै राख्न चाहने बोलपत्रदाताहरूले राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं.१७००१००१०२०३०००० (अस्पतालको कोड नं.३७०००३५१०) मा जम्मा गरी सो को सक्कलै भौचर संलग्न राखी पेश गर्नुपर्ने छ ।
३. दाखिला भएका बोलपत्रहरू सूचनामा उल्लेखित मिति र समयमा यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्यहरू कार्यालय खुलेको दिनबाट क्रमशः सोही समयमा गरिने छ ।
४. बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संशोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समयभन्दा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ ।
५. रित नपुगि तथा तोकिएको समय सिमाभित्र दर्ता हुन नआएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।
६. यस सूचनामा उल्लेख भएका विषयहरू सूचना बमोजिम र उल्लेख नभएका विषयहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र प्रचलित कानून अनुसार हुनेछ ।

**नोटः**
यो सूचना तथा यस सूचना सम्बन्धी अन्य जानकारी यस अस्पतालको Website: www.nationaltraumacenter.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ । साथै कार्यालय समयभित्र यस अस्पतालको फोन नं.०१४२२४९२८ मा सम्पर्क गरी विस्तृत रूपमा बुझ्न र लिन सकिनेछ ।

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

---

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
## राष्ट्रिय ट्रमा सेन्टर
**महांकाल काठमाडौं**

## खुल्ला बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१६ गते)**

चालु आ.व. २०८०/०८१ मा यस अस्पतालमा रहेको Central Chiller System & Hot Water Boiler System मर्मत गर्नका लागि आवश्यक पर्ने सामानहरू राष्ट्रियस्तरको खुल्ला बोलपत्रको माध्यमबाट खरिद गरी मर्मत संभार गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्मर/कम्पनीहरू खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ

| सि.नं. | बोल पत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | NTrC/G/NCB/12-080/81 | Supply & Delivery of Consumable & Spare parts for Central Chiller & Hot Water Boiler System and Full Servicing with Maintenance | ३,०००/- | १,२०,०००/- | ३० औं दिन ३:०० बजे भित्र । खरिद इकाई, राष्ट्रिय ट्रमा सेन्टर | ३१ औं दिन १२ बजे भित्र । खरिद इकाई, राष्ट्रिय ट्रमा सेन्टर | ३१ औं दिन १ बजे । राष्ट्रिय ट्रमा सेन्टर |

१. यस अस्पतालमा रहेको Central Chiller System & Hot Water Boiler System मर्मत गर्नका लागि आबश्यक पर्ने मालसामानहरू राष्ट्रिय स्तरको खुल्ला बोलपत्र माध्यमवाट खरिद गरी मर्मत संभार गर्नुपर्ने भएकोले ईच्छुक फर्मरकम्पनीवाट बोलपत्र आह्वान गरिएको छ ।
२. बोलपत्र हार्ड कपीको माध्यमबाट मात्र खरिद तथा दर्ता गराउनु पर्नेछ । बोलपत्रमा भाग लिने बोलपत्रदाताले अनिवार्य रूपमा निम्नानुसारका कागजातहरू पेश गर्नुपर्नेछ ।
   क. व्यवसाय संचालन गर्न पाउने ईजाजत पत्र ख) आयकर दर्ता प्रमाणपत्र ग) मूल्य अभिवृद्धि कर प्रमाणपत्र घ) आ.व. २०८०/०८१ को लागि नविकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र ङ) बोलपत्र फाराम दस्तुर बापतको माथि उल्लेखित रकम फाराम दस्तुर (फिर्ता नहुने) राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको राजश्व शिर्षक नं. १४२२९ उल्लेख गरि राजश्व खाता नं.१०००१००२०००१०००० (अस्पतालको कोड नं. ३७०००३५१०) मा जम्मा गरेको बैंक भौचर च) कम्तिमा १२० दिन म्याद भएको माथि उल्लेखित रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी (विड वन्ड) वा बोलपत्र जमानत वापत नगदै राख्न चाहने बोलपत्रदाताहरूले राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००१००१०२०३०००० (अस्पतालको कोड नं. ३७०००३५१०) मा जम्मा गरी सो को सक्कलै भौचर संलग्न राखी पेश गर्नुपर्ने छ ।
३. दाखिला भएका बोलपत्रहरू सूचनामा उल्लेखित मिति र समयमा यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्यहरू कार्यालय खुलेको दिनबाट क्रमशः सोही समयमा गरिने छ ।
४. बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संशोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समयभन्दा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ ।
५. रित नपुगि तथा तोकिएको समय सिमाभित्र दर्ता हुन नआएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।
६. यस सूचनामा उल्लेख भएका विषयहरू सूचना बमोजिम र उल्लेख नभएका विषयहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र प्रचलित कानून अनुसार हुनेछ ।

**नोटः यो सूचना तथा यस सूचना सम्बन्धि अन्य जानकारी यस अस्पतालको *Website: www.nationaltraumacenter.gov.np* बाट पनि प्राप्त गर्न सकिने छ । साथै कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१४२२४९२८ मा सम्पर्क गरी विस्तृत रूपमा बुझ्न र लिन सकिने छ ।**

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**


## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : Al Mafyar Drums Factory**

पूर्व स्वीकृति मिति : २०८०/०८/१५ | LT. No. 295836 | चलानी नं. ६०२१०८४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 2 | 0 | 1000 | ३६६७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २३ गते (09th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनीः ZEAL IT TRADING & CONTRACTING**

पूर्व स्वीकृति मिति २०८०/०८/१४ | LT. No. 295676 | चलानी नं. ६०२१०८२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 4 | 0 | 1100 | ४०,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २३ गते (9th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

# राजतन्त्रको विरासत र गणतन्त्रको सौन्दर्य



- राजतन्त्र त्यस्तो शासन प्रणाली हो, जसमा राजा शासनको सर्वेसर्वा हुन्छन् । राजा जनताले चुनेका हुँदैनन्, वंशानुगत हुन्छ । राजाको छोरो योग्य वा अयोग्य भए पनि स्वतः सिंहासनमा बस्छ ।
- २०४७ को संविधानले बहुदलीय व्यवस्थालाई स्वीकार गरेता पनि बहुदल राजोको 'मुठ्ठीको माखो' थियो, जुन बाधा अड्काउ फुकाउन धारामा टेकेर राजाले चाहेको बेला मिचिदिन सक्थे ।
- २०४७ को संविधानले बहुदलीय व्यवस्थालाई स्वीकार गरेता पनि बहुदल राजोको 'मुठ्ठीको माखो' थियो, जुन बाधा अड्काउ फुकाउन धारामा टेकेर राजाले चाहेको बेला मिचिदिन सक्थे ।
- तथ्यांकहरूले २००७ सालको क्रान्तिपूर्व नेपाल विश्वकै दोस्रो पछौटे मुलुक भएको बताउँछन्, त्यसका लागि प्रमुख भूमिका नै नेपालका राजा र राणाहरूको छ ।
- पछिल्लो २० वर्षमा आर्थिक वृद्धिदर ०.८ बाट ५.८४ प्रतिशत, प्रतिव्यक्ति आय २३६ डलरबाट १३८१ डलर पुगेको देखिन्छ । बहुआयमिक गरिबी ४७ प्रतिशतबाट ८.५ प्रतिशतमा झरेको छ । विद्युत उत्पादन ३७३.२ मेगावाटबाट २२०५ मेगावाट पुगेको छ ।
- राजतन्त्रकाल आफैँमा अध्याँरो युग थियो । २०६२/०६३ को जनआन्दोलनपछि जन्मिएको पुस्ता नै आज १७ वर्षको युवा भएको छ । त्यो पुस्तालाई न राजतन्त्रको अन्धकार थाहा छ, न गणतन्त्रका उपलब्धिमा चित्त बुझाउन सकेको छ । तसर्थ, गणतन्त्रको सौन्दर्य आमनागरिकसम्म पुऱ्याउन ढिलाइ नगरौं ।

**मनहरि तिमिल्सिना**

उन्नाइसौं शताब्दीको उत्तरार्द्धसम्म विश्वको निर्विकल्प शासकीय प्रणालीका रूपमा अभ्यास गरिएको राजतन्त्रात्मक शासन व्यवस्था आज विश्वमा दुर्लभजस्तै हुन थालेको छ। विश्वका कतिपय मुलुकहरूले राजतन्त्रको अस्तित्व बाँकी राखेका छन्, यद्यपि त्यो आलंकारिक ढाँचाको छ ।

आदिम साम्यवादी समाजको पतन र दासप्रथाको प्रारम्भदेखि नै विश्वमा राजतन्त्रको अभ्यास प्रारम्भ हुन्छ। यद्यपि, यसको संस्थागत विकासका निम्ति झण्डै हजार वर्षभन्दा लामो समय व्यतित भएको छ। सामन्तवादको प्रारम्भसम्म आइपुग्दा स-सानो जमिनको मालिकलाई युरोपमा 'लर्ड'को नाम दिइन्थ्यो, जो जमिनको अग्राधिकार राख्थे, जमिनको कूत उठाउँथे। त्यसवापतको केही हिस्सा आफूसँग राखेर ठूलो हिस्सा केन्द्रमा पठाउँथे । भूदास एवं किसानहरूमाथि नियन्त्रणका लागि राज्यसत्ताको हतियारमात्रै प्रयोग पर्याप्त नभएपछि उनीहरूले अलौकिक शक्तिको अस्तित्व र सो शक्तिबाट आफूहरूले प्राधिकार प्राप्त गरेको स्वघोषणा गर्थे र निर्धा नागरिकमाथि बर्बर दमन गर्थे । यही प्रचलन प्रकारान्तरले राजतन्त्रको व्यवस्थित राज्य संरचनामा विकसित भयो ।

सन् १७८९-९९ को फ्रान्सेली राज्य क्रान्तिपछि राजतन्त्रलाई 'ईश्वरको अवतार' मान्ने भाष्य बदलियो । नागरिकले लोकतन्त्र र स्वतन्त्रताका निम्ति विद्रोह गरे । उक्त विद्रोह युरोपमा मात्र सीमित नभएर विश्वव्यापी रूपमा फैलियो । पहिलो औद्योगिक क्रान्तिसम्म आइपुग्दा विश्वमा सामन्तवादको पतन र पुँजीवादको जग व्यवस्थित हुँदै गयो । लोकतन्त्र, स्वतन्त्रता र नागरिक मुक्तिको संघर्षमा राजतन्त्रले निर्मम दमन गऱ्यो, जनताले सशक्त प्रतिरोध गरे । २०औं शताब्दीको प्रारम्भसम्म विश्वका अधिकांश मुलुकमा कतिपय राजाहरू मारिए, कतिले अधिकार संकुचन भई आलंकारिक भए, कतिपय मुलुकमा निरंकुशतन्त्र विद्यमान नै छ ।

राजतन्त्र त्यस्तो शासन प्रणाली हो, जसमा राजा शासनको सर्वेसर्वा हुन्छन् । राजा जनताले चुनेका हुँदैनन्, वंशानुगत हुन्छ । राजाको छोरो योग्य वा अयोग्य भए पनि स्वतः सिंहासनमा बस्छ । विश्वमा राजतन्त्रको अवसान निकै ठूलो रक्तपातपछि मात्र भएका छन् । संसारमा कोही पनि राजाले जनताको इच्छाबमोजिम शासन त्यागेका छैनन् । फ्रान्सका लुइस चौधौंले 'म नै राज्य हुँ' भन्थे । सन् १७१५ मा जनताले यिनको टाउको काटेका थिए । यस्ता धेरै दृष्टान्त छन्, जहाँ जनताले महान् संघर्षको बलमा लोकतान्त्रिक व्यवस्था स्थापित गर्दै आएका छन् ।

नेपालमा गणतन्त्र स्थापनाको जम्मा १५ वर्ष पूरा भएको छ । तर, यति छोटो अवधिमै एकथरि मानिसहरू नयाँ व्यवस्थाको औचित्यमाथि प्रश्न उठाउन थालेका छन् । मानौं राजतन्त्रकालमा रामराज्य थियो, त्यहाँ कुनै गरिबी थिएन, असमानता र विभेद थिएन, उन्नत प्रकारको लोकतन्त्र थियो जस्तो तर्क गरिरहेका छन् । उनीहरूका तर्क सुन्दा राजतन्त्रकालमा 'दूधकै खोलो बग्थ्यो' भन्ने भान हुन्छ । तसर्थ, यो आलेख नेपालमा राजतन्त्र र गणतन्त्रको तुलनात्मक अध्ययनमा केन्द्रित छ ।

## संवैधानिक व्यवस्था

नेपाल सरकारको संवैधानिक कानुन-२००४, नेपालको अन्तरिम शासन विधान-२००७, नेपाल अधिराज्यको संविधान-२०१५, नेपालको संविधान-२०१९, नेपाल अधिराज्यको संविधान-२०४७, नेपालको अन्तरिम संविधान-२०६३ र नेपालको संविधान-२०७२ गरी ७५ वर्षको इतिहासमा नेपालमा ७ वटा संविधान जारी भए । ती संविधानमध्ये २००४ देखि २०४७ सम्मका संविधान राजाहरूको निर्देशन एवं २०६३ र २०७२ को संविधान जनताका प्रतिनिधिले लेखेका थिए ।

राजा त्रिभुवनले जारी गरेको नेपाल सरकारको वैधानिक कानुन २००४ र नेपालको अन्तरिम शासन विधान-२००७, राजा महेन्द्रले जारी गरेको नेपाल अधिराज्यको संविधान-२०१५ र नेपालको संविधान-२०१९ तथा राजा वीरेन्द्रले जारी गरेको नेपाल अधिराज्यको संविधान २०४७ ले राजतन्त्रात्मक व्यवस्थासहित राजामा असीमित अधिकार केन्द्रित गरी जनतालाई रैतीको दर्जामा राखिएको थियो । ती सबै संविधानहरूको प्रस्तावनमा 'श्री ५ महाराजधिराजको गद्दी रोलको उत्तराधिकार क्रम परम्परादेखि चलिआएको रीतरिवाज बन्देज कानुनबमोजिम कायम रही सधैंका निम्ति अपरिवर्तनीय र अविच्छेद्य रहने'' व्यवस्था राखिएको थियो । २०४७ को संविधानले बहुदलीय व्यवस्थालाई स्वीकार गरेता पनि बहुदल राजोको 'मुठ्ठीको माखो' थियो, जुन बाधा अड्काउ फुकाउन धारामा टेकेर राजाले चाहेको बेला मिचिदिन सक्थे ।

नेपालको अन्तरिम संविधान-२०६३ र नेपालको संविधान (२०७२) ले इतिहासमा पहिलोपटक सार्वभौमसत्ता जनतामा हस्तान्तरण गऱ्यो । २०७२ को संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहने व्यवस्था, सात प्रदेशसहितको संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना र सरकार, संघीय राष्ट्रपतिको व्यवस्था, संसदबाट निर्वाचित प्रधानमन्त्री, मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गऱ्यो । संविधानमा ३० भन्दा बढी मौलिक हकको व्यवस्था र समाजवादोन्मुख राज्यको संकल्प गरिएको छ, जुन कुरा विश्वका संविधानमा बिरलै पाइन्छ । तसर्थ, संवैधानिक विकासक्रमका दृष्टिले नेपाली जनताले ७० वर्ष लामो संघर्षबाट सार्वभौम अधिकार प्राप्त गरेका छन्, यो चानचुने विषय होइन ।

## सन्धि सम्झौताहरू

नेपालका प्रायःजसो राजाहरूले आफूलाई राष्ट्रिय हित र अखण्डताका संरक्षक र राष्ट्रिय एकताको प्रतीकको रूपमा दावी गर्दै आएका छन् । तर, तथ्यहरूले राजा अखण्डताका संरक्षक र एकताका प्रतीक दुबै नभएको कुरा प्रमाणित गर्दछन् । सुगौली सन्धिदेखि महाकाली सन्धिसम्म आउँदा नेपालले जे-जति क्षति बेहोऱ्यो, ती सबै सन्धिमा नेपालका राजाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका छन् । कतिपय सन्धिहरू राजाहरूकै निर्देशन र रोहबरमा भएका छन्, त कतिपय उनीहरू राष्ट्रप्रमुख भएका बखत ।

राजा गीर्वाणयुद्धको पालामा भएको सुगौली सन्धि (सन् १८१६) बाट नेपालले ६१ प्रतिशत भूमि गुमायो । राजा त्रिभुवनको पालामा गरिएको नेपाल-भारत शान्ति तथा मैत्री सन्धि (सन् १९५०) ले सुगौली सन्धिलाई अनुमोदन गऱ्यो । महेन्द्रको पालामा भएको कोशी सम्झौता (सन् १९५४) नेपाल र भारतबीच भएको कोशी सम्झौताले हरेक वर्ष नेपालले डुबानको समस्या भोग्दै आएको छ । महेन्द्रकै पालामा भएको गण्डक सम्झौता (सन् १९५९) ले नेपालका दर्जनौं बस्तीहरू डुबानमा परिरहेका छन् । वीरेन्द्रको पालामा २०५२ मा भएको महाकाली सन्धिले महाकाली नदीको पानी विद्युत् र सिँचाइका लागि भारतलाई सुम्पिने काम गरेको छ । जो नेपालका लागि घातक छ ।

सन् १९५० को नेपाल-भारत असमान सन्धिपछि भारतले नेपाली भूमि अतिक्रमण गर्ने, सीमा मिच्ने लगायतका अनगिन्ती ज्यादती गरेको छ । तर, राजाहरूले कुनै ठोस कदम चालेनन् । राजा महेन्द्रले कतिपय मामिलामा अडान लिएको तथ्यहरूले बताउँछन् । तर, उनको कार्यकाल पनि राष्ट्रियताका दृष्टिले सबल रहेको तथ्यहरूले प्रमाणित गर्दैनन् ।

## सत्ता दाउपेच

विसं १८२५ देखि २०६५ सम्म शाहवंशीय राजाहरू नेपाल अधिराज्यको राष्ट्रप्रमुख थिए । २०६५ जेठ १५ गतेको संविधान सभाले राजालाई बर्खास्त गर्दै २४० वर्षे लामो शाहवंशीय राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा गरेको थियो । शाह राजाहरू र राणाहरूले सत्ता र शक्ति हत्याउन अत्यन्तै निर्मम कदमहरू चालेका थिए । त्यसका लागि दरबारभित्रै क्रूर हत्याकाण्डहरू चलेका थिए । त्यसमध्ये कोतपर्व (१९०३), भण्डारखाल पर्व (१९०३), १९३८ सालको पर्व, विष्ट पर्व (१९३८), १९४२ सालको पर्व, गेहेन्द्र शमशेर पर्व (१९६४), नारायणहिटी हत्याकाण्ड (२०५८) मुख्य मानिन्छन् । यी हत्याकाण्डका साथै दरबारभित्र युवराज त्रैलोक्य हत्याकाण्ड, रणबहादुर शाह हत्याकाण्डलगायतका हत्याहरू गरिए । यी सबै हत्याहरू राजा र राणा प्रधानमन्त्री एवं सत्ता र शक्तिको होडबाजीका निम्ति नै थिए । ती सबै हत्याकाण्ड आफ्नै दाजुभाइ वा आफन्तको हत्या गरी सत्ता हत्याउने क्रूर नियतका परिणाम थिए ।

विसं २०५२/६३ को सशस्त्र युद्धमा समेत जे-जस्ता घटना भए, त्यसमा राजतन्त्र नै सबैभन्दा बढी क्रूर र हिंस्रक रूपमा प्रस्तुत भयो । संघर्ष वा वाद-प्रतिवादका क्रममा माओवादी तर्फबाट पनि केही अप्रिय घटनाहरू भए, जसलाई सचेततापूर्वक रोक्न सकिन्थ्यो । तर, राज्यका तर्फबाट धेरै ज्यादती, क्रूर दमन र नृशङ्सक घटनाहरू भए । दरबारभित्र मात्र नभएर आम जनतामा समेत राजतन्त्रको ज्यादतीका सयौं दृष्टान्तहरू छन् । सुनिता-नमिता हत्याकाण्ड, प्रविण गुरुङ हत्याकाण्ड जस्ता सयौं हत्याकाण्ड यस अवधिमा भएका छन् ।

## विलासिता/सम्पत्ति मोह

तत्कालीन राजा र राणाहरू यति विलासी थिए कि उनीहरूका लागि देशको वार्षिक बजेटसमेत अपुग हुन्थ्यो । त्यस्तो रकम जनताबाट उठाएको कूत र विदेशी ऋण/सहयोग नै थियो, जसका कारण देश एकपछि अर्को कंगाल बन्दै गएको थियो । घोषित ४२ पत्नीका पति जंगबहादुरको स्त्री मोहको इतिहास विश्वव्यापी चर्चित् छ । बेलायत यात्राका क्रममा १८५० जुलाई २५ र २६ मा जंगबहादुरले यौनलिलाका निम्ति दुई लाख ५० हजार पाउण्ड खर्चिएको विकिपिडियाको अभिलेखमा उल्लेख छ ।

राजा योग नरेन्द्र मल्लका त ३१ जना रानी नै सति गएको इतिहास पाइन्छ । राजा प्रतापसिंह शाहको यौनकाण्ड र राजेन्द्रलक्ष्मी यौनलिलाले राजपरिवारको विलासिता प्रष्टिन्छ । २०२६ सालमा वीरेन्द्रको विवाहमा एक करोड ६० लाख डलर खर्च गरिएको तथ्य न्युयोर्क टाइम्स्ले प्रकाशित गरेको थियो, जबकि त्यो बेला देशको कुल राष्ट्रिय बजेट नै छ करोड ६० लाख अमेरिकी डलर थियो । गणतन्त्र स्थापनापछि वीरेन्द्रको परिवारका नाममा ४० करोड ८८ लाख ७६ हजार रूपैंया सम्पत्ति नेपाल ट्रस्टमा राखिएको छ । अर्कोतर्फ अहिले पनि पूर्वराजा ज्ञानेन्द्र नेपालका १० प्रमुख धनाढ्यभित्र पर्दछन् । जनताबाट उठाएका कर-कूत, विदेशीहरूमा लिने ऋण, मूर्ति लगायतका पुरातात्विक सम्पदाको चोरी निकासी, गैंडाको खाग लगायतका बहुमूल्य वन्यजन्तु र सम्पत्तिको बेचबिखन नै राजाहरूको विलासिताको आधार थियो । देशका प्राकृतिक स्रोतहरू हडपेर उनीहरूले अर्बौंको सम्पत्ति आर्जेका थिए ।

## जनजीवन

कतिपयले राजाको शासनकालमा जनताको जीवन सुखी र व्यवस्थित भएको भ्रमसमेत बेचिरहेका छन् । तर, तथ्यहरूले राजतन्त्रकाल नेपाली जनताका निम्ति कालारात्रि भएको प्रमाणित गर्दछ । सन् १८१६ को सुगौली सन्धिपछि नै नेपालीहरू ब्रिटिस सेनामा भर्ती हुने प्रचलन प्रारम्भ भयो । रोजगारीका लागि मुग्लान पस्ने प्रचलन पनि राजतन्त्रकालमा नै अगाडि आएको थियो । एक पाथी नुनका निम्ति महिनौं खर्चिनुपर्ने परिस्थिति थियो ।

विश्व औद्योगिक क्रान्तिको दिशामा अगाडि बढ्दासमेत सामन्ती प्रथा विद्यमान थियो । जनताका छोराछोरी शिक्षित भए आफ्नो ज्यादतीविरुद्ध उभिने डरले विद्यालय खोल्न प्रतिबन्ध थियो । दरबार हाइस्कुल जनताका छोराछोरीका लागि नभएर श्री ५ र श्री ३ का छोराछोरीहरूको शिक्षादीक्षाका निम्ति खोलिएको थियो । सडक, पुल, बिजुली, पानी, शिक्षा, स्वास्थ्यका कुनै पनि पूर्वाधार खडा गरिएको थिएन । २०६३ सालको जनआन्दोलनसम्म पनि देशको भौतिक एवं मानवीय प्रगति निकै दयनीय थियो ।

## विकासको प्रवृत्ति

पृथ्वीनारायण शाहको एकीकरण प्रक्रियादेखि २०६५ साल जेठ १५ गते गणतन्त्रको घोषणा हुँदासम्म नेपालका शाह राजाहरूले २५० वर्ष शासन गरे । त्यस अवधिमा नेपालको विकास के-कति भयो, त्यसमाथि बहस हुँदै जाला। तथ्यांकहरूले २००७ सालको क्रान्तिपूर्व नेपाल विश्वकै दोस्रो पछौटे मुलुक भएको बताउँछन्, त्यसका लागि प्रमुख भूमिका नै नेपालका राजा र राणाहरूको छ ।

विसं २०७२ को संविधानपछि देशका सबैजसो वडामा सडक, बत्ती, सोलार पुगेका छन् । विद्यालय जाने दर ९५ प्रतिशत छ । सडक सिँचाइ खानेपानीमा सरकारको आफ्नै लगानी, ठूलठूला लोकमार्गहरूको निर्माण, २४ भन्दा बढी राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन र हजारौं परियोजनाहरू विस्तार भएका छन् । जलविद्युत्मा राज्य र निजी क्षेत्रले निकै ठूलो लगानी गर्दैछ । समावेशी प्रतिनिधित्व, सशक्तीकरण र आत्मनिर्भरता वृद्धि भएको छ । सामाजिक जागरण र रूपान्तरण आएको छ, प्रतिभाहरूको विकास र विश्वव्यापी प्रतिस्पर्धाको वातावरण निर्माण भएको छ ।

गणतन्त्रको सौन्दर्य बुझ्न पछिल्लो २० वर्षको तुलनात्मक अध्ययन नै काफी छ । २०५९ को श्री ५ को सरकार र २०७९ को नेपाल सरकारको आर्थिक सर्वेक्षण हेर्दा देशमा आएको गुणात्मक परिवर्तन प्रमाणित हुन्छ । पछिल्लो २० वर्षमा आर्थिक वृद्धिदर ०.८ बाट ५.८४ प्रतिशत, प्रतिव्यक्ति आय २३६ डलरबाट १३८१ डलर पुगेको देखिन्छ । बहुआयमिक गरिबी ४७ प्रतिशतबाट ८.५ प्रतिशतमा झरेको छ । विद्युत उत्पादन ३७३.२ मेगावाटबाट २२०५ मेगावाट पुगेको छ ।

त्यस्तै २० वर्षअघि ६५ जिल्ला सदरमुकाममा मात्रै कच्ची सडक पुगेकामा हाल ६७४३ वटै वडामा सडक पुगेको छ । ४५६७ किमि रहेको कालोपत्रे सडक १६९३९ किलोमिटर भएको छ । साक्षरता दर ५३.७ प्रतिशतबाट ७६.२ प्रतिशत, औसत आयु ५६ वर्षबाट ७१ वर्ष पुगेको छ । पुँजीगत खर्चको सामर्थ्य ४६.४ प्रतिशतबाट बढेर ६४.८ प्रतिशत पुगेको देखिन्छ । २०७९ सम्म आउँदा इन्टरनेट सेवा प्रारम्भ भई ९२ प्रतिशतमा विस्तार भएको छ । सञ्चार सेवा ९९ प्रतिशतमा पुगेको छ । ९३.४ प्रतिशत नागरिकले स्वस्थ खानेपानी र सरसफाइ सेवा प्राप्त गरेका छन् । अनलाइनबाटै नागरिक सेवा उपलब्ध हुन थालेको छ । यी सबै गणतन्त्रको सौन्दर्यका सूचकहरू हुन् ।

त्यस्तै २७ वटा राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन, पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति, चीन-भारत दुवै छिमेकसँग जोड्ने नाकाहरू सञ्चालन एवं स्तरोन्नति, ठूला जलविद्युत आयोजनाको निर्माण र विद्युत निर्यात, स्मार्ट सिटीहरूको अवधारणा र आधुनिक शहरीकरण, लगानी बोर्डको अवधारणा। राष्ट्रिय विकास आयोग, कर्णाली विकास आयोग र सुदूरपश्चिम विकास आयोग गठन, सार्वजनिक-निजी-सहकारीको तीनखम्बे अर्थनीतिको प्रयोग गणतन्त्रका महत्वपूर्ण आयामहरू हुन् ।

सामाजिक न्यायका दृष्टिले २०५२ सालमा मनमोहन अधिकारीले जेष्ठ नागरिकहरूका लागि रु. १०० मासिक भत्ताको सुरुवात गरेका थिए । त्यसबाहेक सामाजिक सुरक्षाका कुनै पनि कार्यक्रम लागू भएका थिएनन् । हाल जेष्ठ नागरिक (६८), कर्णालीका नागरिक (६०) र दलित (६०) का लागि मासिक रु. ४ हजार सामाजिक सुरक्षा भत्ताको व्यवस्था छ । त्यस्तै एकल महिला/विधवा भत्ता रु. २६६०, पूर्ण अपांग भत्ता रु. ३९९०, अति अशक्त भत्ता रु. २१२८, लोपोन्मुख आदिवासी जनजाति भत्ता रु. ३९९०, कर्णाली र दलित विद्यार्थीका लागि रु. ५३२ पोषणभत्ताको समेत व्यवस्था छन् । यस्तै स्वास्थ्य बीमा कार्यक्रम, छात्रवृत्ति, योगदानमा आधारित सामाजिक सुरक्षा, वैदेशिक रोजगारी बीमा र सुरक्षा कार्यक्रम लगायत गरिब, बिपन्न र असहायहरूका लागि विविध कार्यक्रमहरू सञ्चालित छन् ।

## संघीयता : भ्रम रयथार्थ

नेपालको संविधान २०७२ ले तीन तहको संघीय प्रणालीको प्रबन्ध र अभ्यास गर्न थालेकामा एकथरि मानिसहरू नेपालका लागि संघीयता खर्चिलो र झन्झटिलो प्रणाली भएको भन्दै आलोचना गरिरहेका छन् । तर, संघीयताले आर्थिक भार बढाएको भन्ने तर्कले तथ्यसँग मेल खाँदैन । एकात्मक प्रणालीमा रहेका गाविसहरू अहिले वडामा रूपान्तरण भएका छन् । अन्य संरचनाको अवस्था पनि त्यही प्रकृतिको छ । विगतमा अञ्चलाधीश, क्षेत्रीय प्रशासक लगायतका धेरै प्रशासनिक अधिकारीहरू पनि थिए । हिजो सबै निकायले सरकारको मान्यता नपाए पनि केन्द्रीय सरकार, विकास क्षेत्र, अञ्चल, जिल्ला, इलाका र गाविस गरी छ वटा संरचना रहेकामा अहिले घटेर केन्द्र, प्रदेश र स्थानीय तह गरी ३ संरचना भएको छ ।

एकात्मक प्रणालीमा सांसद, मेयर/उपमेयर, गाविस अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष र वडा सदस्य लगायतका पदमा गरी एक लाख ८८ हजार दुई सय ७५ जना जनप्रतिनिधि थिए । संघीयतापछि केन्द्रीय सांसद, प्रदेश सांसद, मेयर/उपमेयर, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्य लगायतका पदमा जम्मा ३७ हजार ५ सय २३ जना जनप्रतिनिधि छन् । एकात्मक व्यवस्थामा स्थानीय निकायका जनप्रतिनिधिको तलव थिएन, संघीयतामा पनि तलव सुविधा छैन । यद्यपि, केन्द्र, प्रदेश र स्थानीय तह आफैंमा सरकार भएका कारण प्रशासनिक क्षेत्रमा केही रकम खर्च हुने गरेको छ । संघीयतापछि कर्मचारीको संख्या पनि खास वृद्धि भएको छैन । संघीयताले केन्द्रको अधिकार जनताको घर आँगनमा पुगेको, अवसरहरू सिर्जना गरेको, पुँजी परिचालन गरेको, विकासका कामले गति पाएको संघीयता विरोधीहरूले देखेका छैनन् । तसर्थ ८० प्रतिशत जनप्रतिनिधि घटाउने संघीय प्रणालीको निपरेक्ष आलोचना पूर्वाग्रही देखिन्छ ।

## निष्कर्ष

गणतान्त्रिक व्यवस्थासामु पनि केही गम्भीर चुनौती छन् । प्रणालीमा स्थिरता आए पनि स्थीर सरकारमा चुनौती देखिएको छ । औद्योगिकीकरण, आयात-निर्यात सन्तुलन, रोजगारी सिर्जना र भ्रष्टाचार नियन्त्रणमा अपेक्षित सफलता हासिल हुन सकेको छैन । युवा पलायनको समस्या डरलाग्दो देखिन्छ । यी चुनौतीहरूकै जगमा उभिएर गणतन्त्रविरोधीहरूले नागरिकमा भ्रम छर्ने कोशिस गरिरहेका छन् ।

वर्तमानका समस्याहरूलाई व्यवस्थासम्बन्धी विषयहरू पाठ्यक्रममा समावेश, जनताका दैनिक जीवनबारे राज्यको प्राथमिकता, सरलता र सदाचारिता, प्रणालीलाई बलियो तुल्याउन प्राथमिकता, स्वस्थ र समावेशी प्रतिस्पर्धालगायतका माध्यमबाट सम्बोधन गर्न सकिन्छ । तुलनात्मक लाभका क्षेत्रहरूको पहिचानसहित लगानी केन्द्रित गरी वर्तमानको निरासालाई चिर्न र देशभित्रै उद्यमशीलताको वातावरण सिर्जना गर्न सकिन्छ । त्यसका निम्ति व्यवस्थाको रक्षा र नागरिकको जीवनकेन्द्रित राजनीतिक सहमति र सहकार्यको संस्कृति आवश्यक छ ।

अन्त्यमा, राजतन्त्रकाल आफैंमा अध्याँरो युग थियो । तर, यो यथार्थ तिनीहरूले मात्र अनुभूति गर्दछन्, जसले राजतन्त्रको दमन र ज्यादती प्रत्यक्षरूपमा भोगेका थिए, गरिब, विपन्न, पछौटे नेपालका प्रत्यक्ष साक्षी थिए । २०६२/०६३ को जनआन्दोलनपछि जन्मिएको पुस्ता नै आज १७ वर्षको युवा भएको छ । त्यो पुस्तालाई न राजतन्त्रको अन्धकार थाहा छ, न गणतन्त्रका उपलब्धिमा चित्त बुझाउन सकेको छ । तसर्थ, गणतन्त्रको सौन्दर्य आमनागरिकसम्म पुऱ्याउन ढिलाइ नगरौं ।

*-लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुनुहुन्छ ।*

# अस्थायी आवासको पहिलो किस्ता

**जाजरकोट–** भूकम्प प्रभावितका लागि अस्थायी आवास निर्माण गर्न यहाँ पहिलो किस्ताबापतको रकम स्थानीय तहमा पठाउन सुरुआत गरिएको छ । जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषले बिहीबार शिवालय गाउँपालिकामा पहिलो किस्ता पठाएको हो ।

रुकुमपश्चिममा मंगलबारदेखि नै यो प्रक्रिया सुरु भएर स्थानीय तहले लाभग्राहीलाई रकम वितरणसमेत सुरु गरिसकेका छन् । शिवालयमा तीन हजार तीन सय नौ लाभग्राहीलाई पहिलो किस्ता पठाइएको जिल्ला प्रशासन कार्यालय जाजरकोटका लेखापाल एकराज उपाध्यायले जानकारी दिए ।

उनका अनुसार प्रतिलाभग्राही २५ हजारका दरले आठ करोड २७ लाख २५ हजार रूपैयाँ पठाइएको छ । पालिकाले भने लाभग्राहीको विवरण पुनः पहिचान गरी रकम वितरण गर्ने जनाएको छ । शुक्रबारदेखि नै यो प्रक्रिया थालिने पालिका अध्यक्ष शेरबहादुर शाहीले बताए । 'वडाबाट आएको विवरणलाई प्रशासनमा पठाएका छौं, यीमध्ये पनि कसैका दुईवटा घर हुनसक्छ, कोही लाभग्राही सूचीमै नपरेका पनि हुनसक्छन्', शाहीले भने, 'त्यसैले फेरि फारम भर्न लगाएर वास्तविक पीडितलाई अनुदान दिन्छौं, यसका लागि दुई-तीन दिन लाग्न सक्छ ।'

लेखापाल उपाध्यायले अन्य गाउँपालिकाबाट भने लाभग्राही विवरण प्राप्त हुन नसकेको बताए । विवरण प्राप्त भएलगत्तै स्थानीय तहमा रकम पठाइने बताए । शुक्रबारदेखि अन्य तहबाट पनि लाभग्राही विवरण आउने जनाइएको छ । जिल्लामा ३४ हजार चार सय ९८ घरमा भूकम्पले क्षति पुऱ्याएको प्रारम्भिक विवरण छ । तीसमध्ये नौ हजार सात सय ९४ घरमा पूर्ण र २४ हजार सात सय सात घरमा आंशिक क्षति पुगेको छ । *रासस*

## नौ हजार भूकम्पपीडितले पाए २२ करोड

**काठमाडौं–** भूकम्पपीडितको अस्थायी आवास निर्माणका लागि कायम भएका लाभग्राहीमध्ये आठ हजार आठ सय ३९ परिवारका लागि २२ करोड नौ लाख ७५ हजार रूपैयाँ रकम निकासा गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आजसम्म कूल ११ हजार नौ सय ९७ लाभग्राही प्रमाणित भएका छन् । प्रमाणित भएका बाँकी लाभग्राहीका लागि पनि रकम निकासाको प्रक्रिया अघि बढिसकेको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले राससलाई जानकारी दिए ।

पछिल्लो समयमा रकम निकासालाई तीव्रता दिएको सरकारले लाभग्राही प्रमाणित गर्ने प्रक्रिया जारी रहेको र प्रमाणित भएकाका लागि तत्काल रकम निकासा गरिरहेको छ । प्रवक्ता खड्काका अनुसार बुधबारसम्म दुई करोड ५३ लाख निकासा गरिएकोमा बिहीबार थप रकम निकासा भएको हो । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले दोस्रो किस्ताको रकम पनि छिट्टै निकासा गर्ने बताइसकेका छन् ।

प्राधिकरणबाट प्राप्त विवरणअनुसार बझाङका चार सय ९० लाभग्राहीमध्ये एक सय १२ परिवारका लागि २८ लाख, रुकुम पश्चिमका आठ हजार पाँच पाँच ८५ लाभग्राहीका लागि २१ करोड ४६ लाख २५ हजार र बाजुराका एक हजार चार सय ३७ लाभग्राहीमध्ये एक सय ४२ लाभग्राहीका लागि पहिलो किस्ताबापतको ३५ लाख ५० हजार रूपैयाँ रकम निकासा गरिएको हो । *रासस*

# मादीमा १५ बेडको अस्पताल

**कास्की–** कास्कीको मादी गाउँपालिका-७ छाचोकमा अस्पताल सञ्चालनमा आएको छ । गाउँपालिकाको सोही वडामा १५ शयया (बेड) क्षमताको अस्पताल भवन निर्माण भइरहेकामा उक्त अगाडि नै आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट अस्पतालको सुविधा दिन सुरु गरिएको हो । अस्पतालमा मेडिकल चिकित्सक तथा प्रयोगशाला, भिडियो एक्सरे तथा एक्सरेका प्राविधिक जनशक्तिको व्यवस्थापछि बिहीबारदेखि अस्पतालको सेवा सुरु गरिएको हो ।

आधारभूत स्वास्थ्य केन्द्रबाट अस्पतालको सेवा सुरु भएँगै मादीका पश्चिमी भेगका नागरिक प्रत्यक्ष लाभान्वित हुने र सामान्य उपचारका लागि पोखरा जानुपर्ने बाध्यता हटेको गाउँपालिकाले जनाएको छ । अस्पतालको सेवा सञ्चालनका लागि रोटरी क्लब पोखरा अन्नपूर्णबाट ४१ लाख र गाउँपालिकाबाट १४ लाख गरी ५५ लाख मूल्यबराबरका स्वास्थ्य उपकरण खरिद गरिएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख एवं जनस्वास्थ्य अधिकृत गोपालचन्द्र बरालले जानकारी दिए ।

भिडियो एक्सरे, एक्सरे मेसिन, इसिजी मेसिन, डेन्टल केयर, प्रसूति बेड र अन्य सामान्य बिरामी बेड अन्नपूर्णले सहयोग गरेको उनले बताए । स्वास्थ्य शाखा प्रमुख बरालले भने, 'गाउँपालिकाको १५ शय्याको आधारभूत अस्पताल भवन अहिले निर्माणको चरणमा रहेको छ । उक्त भवन बनेर सेवा सुरु नहुञ्जेलसम्मका लागि स्वास्थ्य केन्द्रको भवनबाट अस्पतालको सेवा सञ्चालन गरेका हौं । यसबाट मादीका उत्तरी भेगका नागरिकले फाइदा लिनुहुनेछ ।'

अस्पतालमा एक्सरे, भिडियो एक्सरे, दाँतसम्बन्धी, प्रयोगशाला, इसिजी, फार्मेसी तथा चिकित्सकबाट नियमित बिरामी जाँचलगायतका सुविधा प्रदान गरिने सोही वडाका वडाध्यक्ष दुर्गाबहादुर गुरुङले जानकारी दिए । *रासस*

**सोताङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोताङ, सोलुखुम्बु**

**भूलसुधार**

यस गाउँपालिकाको मिति २०८०/०८/१५ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा Description of Work मा SOTANG MULTIPURPOSE SABHA HALL BUILDING, Last Date of Bid Submission मा 2080.09.16 (01-01-2024) 12:00 Noon र Last Date of Bid Opening मा 2080/09/16 (01-01-2024) 2:00 PM हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचना द्वारा भूलसुधार गरिएको व्यहोरा सबैमा जानकारी गराईन्छ ।

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MUKLAT AL COMPANY FOR PROVIDING MEALS
पूर्व स्वीकृति मिति : २०८०/०८/१४ LT. No. 295651 चलानी नं. ६०२१०८१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1400 | ४९,८३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १६ देखि २५ गते (2-11 Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

**ZERO COST RECRUITMENT Opportunity For Malaysia!!**
**शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator, Free Food, Transportation, Accommodation from Interview to Deployment !

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधितअन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

कम्पनी : TASPACK INDUSTRIAL SDN. BHD
पूर्व स्वीकृति मिति २०७९/03/10 पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१५ LT. No. 265572 चलानी नं. ६०१८१७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 35 | 0 | 1500 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २३ गते (9th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALL RAHIM MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429,
Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com /
info@allrahimmanpower.com, Website : allrahimmanpower.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : HYUNDAI GREEN FOOD CO LTD ABU DHABI
पूर्व स्वीकृति मिति २०७९/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१५ LT. No. 278242 चलानी नं. ६०१९३७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ORDINARY LABOURER | 67 | 0 | 800 | २९,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २३ गते (9th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ACOTECH SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०१/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१५ LT. No. 284062 चलानी नं. ६०१९९५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory worker | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २३ गते (09th Dec. 2023) मा हुनेछ

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CAFE KARAK AL-BAHRIN FOR BEVERAGES
पूर्व स्वीकृति मिति २०८०/०८/१४ LT. No. 295642 चलानी नं. ६०२१०८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and vegetable preservation agent | 2 | 0 | 1200 | ४२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २३ देखि २५ गते (9-11 Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : BUKIT HIJAU SECURITY SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०१/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१४ LT. No. 285534 चलानी नं. ६०२०१०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २२ गते (8th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 285534 मिति: २०८०/०८/१५ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054401, 9765229376

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AIK CHEE FURNITURE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१२/03 पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१५ LT. No. 282721 चलानी नं.६०१९८९४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 58 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १६/२३ गते (2/9 Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ११५७/०७३/०७४
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TURKI MUHAMMAD JABER AL JAHLAN LOGISTICS SERVICES EST
पूर्व स्वीकृति मिति २०८०/०८/१३ LT. No. 295704 चलानी नं. ६०२१०७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 2 | 0 | 1800 | ६४,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २२ गते (8th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 295704 मिति: २०८०/०८/१५ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Mobile: 9851027865, 9803885095
9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LALIGURANS WEDDING ORGANIZING COMPANY
पूर्व स्वीकृति मिति: २०८०/०५/04 पुन: विज्ञापन स्वीकृति मिति २०८०/०८/१५ LT. No. 291319 चलानी नं. ६०२०६५१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 05 | 2 | 800 | २९०९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/waitress | 16 | 2 | 1200 | ४३,६३७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २३ गते (09 Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : RAYAN SALEH ALI AL HARBI CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०७/१९ LT. No.294729 चलानी नं. ६०२१०८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road maintenance worker | 3 | 0 | 1000 | ३५,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २३ गते (9th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

# प्रभाव दैनिक

शनिबार, १६ मंसिर २०८० (Saturday, December 2, 2023)


## रूपशाला

### राजेशपायलको नयाँ भिडियो सार्वजनिक

लोकप्रिय गायक एवं मेगास्टार राजेशपायल राईको नयाँ गीतको भिडियो सार्वजनिक भएको छ । गायक राजेशपायलले 'दर्शन नमस्ते सायरेम' बोल गीतको भिडियोलाई शुक्रबार आफ्नो अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरेका हुन् । 'राई इज किङ'का रूपमा चर्चित राजेशपायलका गीतहरू हरेक दिनजसो सार्वजनिक भइरहेको हुन्छ । तर, 'दर्शन नमस्ते सायरेम' भने उनको प्रोजेक्ट हो भिडियो हो । यो गीतलाई युट्युबमा अपलोड गरिएको दुई घण्टा नवित्दै पाँच हजारभन्दा बढीले हेरिसकेका छन् । 'दर्शन नमस्ते' राजेशपायलको चर्चित स्लोगन पनि हो ।



# मन्त्री किरातीले सार्वजनिक गरे 'मिन्जिमा ए'



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौँमा बिहीबार एक कार्यक्रमबीच लिम्बूहरूको मौलिक संस्कृतिमा आधारित पालाम गीत 'मिम्जिमा ए' सार्वजनिक गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीद्वारा सार्वजनिक गरिएको गीतमा गायक भीम लिम्बू र गायिका मनु नेम्वाङले स्वर दिएका छन् । २५ मिनेट लामो म्युजिकल फिल्म सार्वजनिक गर्दै मन्त्री किरातीले यसले कला र संस्कृतिलाई प्रवर्द्धन गर्ने बताए ।

उनले गायक भीमसँगको पुरानो सम्बन्धलाई स्मरण गर्दै संगीत यात्रामा अगाडि वढेको बताए । 'भीमले सपना देखेर सङ्गीत यात्राको प्रारम्भ गरे । चौरमा बसेर गएको गीत र त्यो यात्रा सङ्घर्ष अहिले पनि मलाई स्मरण छ' मन्त्री किरातीले भने, 'मैले राजनीति रोजे र उनले सङगीत रोजे । उनको गीतसङ्गीत प्रतिको लगाव अझैं उस्तै छ । उनको गीत सार्वजनिक समारोहमा यसरी अतिथि बनेर आउन पाउँदा निकै खुसी छु ।'

गीतसङ्गीतले समाजमा प्रभाव पार्ने भएको हुँदा यसमार्फत कला, संस्कृतिलाई समेट्दै सकारात्मक प्रभाव पार्ने कार्य गर्न उनले आग्रह गरे । उनले भने, 'लिम्बू समुदायले गाउने पालाम र ख्यालीको विशेष महत्व छ । पालामसँग लिम्बूहरूको सांस्कृतिक पहिचान जोडिएको छ । पहिचानसँग जोडिएका हरेक कलाको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक छ ।' गीतमा भीम र मनुसँगै कोरसको रूपमा रुकमान लिम्बु, निरन्ता नेम्वाङ्ग, शिव साम्बाहाम्फे, दीपा सुहाङ छन् । गीतको सङ्कलक गायक भीम नै छन् भने यसमा शब्द सुवर्ण नेम्वाङले लेखेका हुन् । गीतमा अशोक लोहरूङ राई एरेन्जर, राजेश श्रेष्ठ रेकर्डिस्ट रहेका छन् भने किशोर थापाले मिक्सिङ गरेका छन् ।

गीतको सार्वजनिक भिडियोमा रेखा लिम्बु, मोन नाल्बो सुब्बा, विशाल सेनेहाङ, रुकमान लिम्बु, कृष्ण सेनेहाङ,नविन सेनेहाङ, खुसी थुलुङ, शैलेन्द्र नाल्बो लगायतले अभिनय गरेका छन् । तारेभिरको रमणीय दृश्यमा छायाङ्कन गरिएको गीतमा गाउँमा पाहुना आउँदा धान नाच्ने परम्परा र त्यहिँ भेटघाटको क्रम बसेको मायालाई देखाइएको गायक लिम्बुले जानकारी दिए ।

'कला, संस्कृतिसँगै संस्कारलाई गीतको शब्द र भिडियोमार्फत व्यक्त गरिएको छ । यसले त्यो परम्परालाई पुस्तान्तरण गर्न पनि मदत गर्छ । त्यसैले यो गीत मात्र नभई संस्कृति जोडिएको म्युजिकल फिल्म हो' गायक भीमले भने, 'दुई दशक अगाडि गीतसङ्गीतमा पाईला टेके यता पनि यो लिम्बु भाषामा भने मेरो पहिलो गीत हो ।'

सार्वजनिक भिडियोमा नृत्य र निर्देशक लोकेन सावाले गरेका हुन् भने यसमा छायाङ्कन युवराज राई, मेकअप सञ्जु थलाङ, सम्पादन अनिल राना र फोली साउण्ड मानसी किरणले गरेका हुन् । गायक भीम झन्डै एक दशकको विश्रामपश्चात पुनः गायनमा सक्रिय भएका छन् । 'माया मेरो झुटो रे', 'हाते काटेर', 'खुल्यो खुल्यो रस खुल्यो', 'फेसबुकैले', 'धानै नाचिन्छ' जस्ता गीतमार्फत उनि गायनमा स्थापित भएका हुन् । उनले आउँदो समयमा यति ठूलो विश्राम नलिने र गीतसङ्गीतमा निरन्तरता दिने बताए ।

याक्थुङ युथ एशोसियसनका सचिव रुकमान लिम्बुले मन्तव्य राख्दै उपस्थितलाई धन्यवाद दिए । उनले भने, 'हामीले आफ्ना क्रियाकलापमार्फत मनोरंजनसँगै संस्कृतिलाई टेवा पुग्ने कार्य गरिरहेका छौं । यो म्युजिकल फिल्मले नयाँ पुस्तलाई संस्कृति बारे जानकार गराउनेमा म विश्वस्त छु ।' गीत सार्वजनिक समारोहमा भाषाविद तथा अभिनेता यासेली योङहाङ, नेपाल ट्रष्टका बोर्ड डाइरेक्टर याङजोम शेर्पा, किरात याक्थुङ चुम्लुङका केन्द्रीय उपाध्यक्ष गोविन्द आङबुङ, गायक दीपक लिम्बु, सङ्गीतकार महेश खड्का, चलचित्र विकास बोर्डका सदस्य रवि अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

## रंगशाला

# आर्मीलाई हराउँदै मधेश बन्यो च्याम्पियन

**पोखरा (प्रस)–** 'केपी ओली कप' राष्ट्रिय टी ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ । शुक्रबार विभागीय टिम आर्मीलाई ११ रनले हराउँदै मधेशले प्रतियोगिताको उपाधि हात पारेको हो ।

मधेशले प्रस्तुत गरेको १ सय ३६ रनको लक्ष्य पछ्याएको आर्मीले ७ विकेट गुमाएर १ सय २४ रन मात्र बनाउन सक्यो । मधेशका हरिशंकर साहले एकै ओभरमा ३ विकेट झारेपछि फाइनल खेल मधेश प्रदेशका लागि सहज बनेको हो । आर्मीका कप्तान विनोद भण्डारीले ३२, भिम सार्कीले २२ र विवेक यादवले अविजित २५ रन बनाउनु बाहेक अन्यको प्रर्दशन उल्लेख्य रहेन । सन्तोष कार्कीले १६ र सोमपाल कामी १६ रनमै अविजित रहे ।

आर्मीका रोहित पौडेल ५, बासिर अहमद २, कुशल मल्ल शुन्य र राजेश पुलामी मगर ३ रनमा आउट भएका थिए । मधेशका हरिशंकर साहले ४, प्रदीप पासवानले २ र प्रथिक यादवले एक विकेट हात पारेका थिए । सुरुवातमा ब्याटिङ गरेको मधेशले ८ विकेटको क्षतीमा १ सय ३५ रन बनाएको थियो । विशाल पटेलले अविजित ४९ रन बनाएको इनिङ्समा कप्तान हरिसंकर साहले २७ रनको योगदान गरेका थिए । हिमांशु दत्तले १४ र बिशाल सुसेलुङले १० रन बनाउनु बाहेक अन्यले दोहोरो अंकको स्कोर छुन सकेनन् ।

आर्मीका साहब आलम र विवेक यादवले समान ३ तथा सोमपाल कामी र बासिर अहमदले समान एक-एक विकेट लिए । उपाधि सहित मधेशले ५ लाख रूपैयाँ प्राप्त गर्यो । उपविजेता आर्मीले २ लाख ५० हजार रूपैयाँमा चित्त बुझायो ।

मदन भण्डारी स्पोर्टस एकेडेमीको आयोजनामा सञ्चालन भएको प्रतितयोगितामा १२ टिमको सहभागीता रहेको थियो ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MERRYFARI CHAIR SYSTEM SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/१५ | LT. No. 295849 | चलानी नं. ६०२१०७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २३ गते (09th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**  श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745

E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERCONTINENTAL FOR GENERAL TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति: २०८०/०८/१५ | LT. No.295772 | चलानी नं. ६०२१०८४५

